Tax Ombudsman

## हामीलाई कसरी सम्पर्क गर्ने

**taxombudsman.gov.au**

**1300 44 88 29** (स्थानीय फोन शुल्क लागू हुन्छ)

**enquiries@taxombudsman.gov.au**

**GPO Box 551, Sydney NSW 2001**

**नि:शुल्क** अनुवाद तथा दोभाषे सेवाहरूको लागि, **131 450** मा फोन गर्नुहोस् र **1300 44 88 29** मा सम्पर्क गराइदिन अनुरोध गर्नुहोस्।

यदि तपाईं बहिरा हुनुहुन्छ, राम्रोसँग सुन्न सक्नुहुन्न, वा बोल्न वा संवाद गर्न कठिनाइ हुन्छ भने, कृपया सहयोगको लागि **accesshub.gov.au** मा जानुहोस्।



# कर सम्बन्धी उजुरी छ?

हामीले अष्ट्रेलियाको कर र सेवानिवृत्तिभरण (सुपरएनुएसन) प्रणालीलाई निष्पक्ष बनाउन मद्दत गर्छौं।

हामीले अष्ट्रेलियाको कर कार्यालय (ATO) र कर व्यवसायी बोर्ड (TPB) बारेमा आएका उजुरीहरू हेर्छौं र त्यसलाई समाधान गर्न मद्दत गर्छौं।

Nepali | नेपाली

Tax Ombudsman



## उजुरी कसरी गर्ने?

हामीले तपाईंलाई सहयोग गर्नु अघि नै तपाईंले ATO वा TPB मा उजुरी गरिसक्नुभएको छ होला।

उजुरी गर्न, **taxombudsman.gov.au** मा जानुहोस् र "**उजुरी दर्ता गर्नुहोस्**" चयन गर्नुहोस्।

तपाईंको उजुरी पुष्टि गर्न र अर्को चरणहरूको बारेमा तपाईंसँग कुरा गर्न अनुसन्धान अधिकारीले २ कार्य दिन भित्र तपाईंलाई सम्पर्क गर्नेछन्।

## हामीले तपाईंलाई कसरी सहयोग गर्न सक्छौँ?

यदि तपाईंलाई ATO वा TPB ले अन्यायपूर्वक वा अनुचित व्यवहार गरेको जस्तो लाग्छ भने तपाईं हामीलाई सम्पर्क गर्न सक्नुहुन्छ। हामीले निम्न बारेका उजुरीहरूमा सहयोग गर्न सक्छौँ:

- कर फिर्ता वा भुक्तानीमा ढिलाइ
- कमजोर सेवा वा अनुचित व्यवहार
- तिर्नु पर्ने कर वा तिर्नु पर्ने रकम सङ्कलन
- भुक्तानी योजना वा ब्याज शुल्क
- आर्थिक कठिनाइको व्यवस्था
- सेवानिवृत्तिभरण (सुपरएनुएसन) ग्यारेन्टीका भुक्तानीहरू छुटेको
- कम्पनीको कर तिर्नु पर्ने रकम वा डाइरेक्टर पेनाल्टी नोटिसहरू।

हाम्रो सेवा नि:शुल्क र स्वतन्त्र छ।

यदि तपाईंलाई हामीले सहयोग गर्न सक्छौँ/सक्दैनौँ भन्ने कुरामा निश्चित हुनुहुन्न भने, कृपया हामीलाई सम्पर्क गर्नुहोस्।

यदि तपाईंको समस्या हाम्रो अधिन बाहिरको छ भने, हामीले तपाईंलाई सहयोगको लागि सही संस्थामा निर्देशित गर्ने प्रयास गर्नेछौँ।

हामीले तपाईंको ट्याक्स रिटर्न (कर फिर्ती) वा तपाईंले कति कर तिर्नुपर्ने हुन्छ भन्ने बारेमा सल्लाह दिन सक्दैनौँ।